## मिति २०८३/०३/१९ गते जिल्ला बाँके नेपालगन्ज स्थित ज्ञानोदय माध्यमिक विद्यालय निकेतनमा सञ्चालन गरिएको समुदायमा सरकारी वकील कार्यक्रमको प्रतिवेदन :-

१) कार्यक्रमको नाम :- समुदायमा सरकारी वकील कार्यक्रम ।

२) कार्यक्रम सञ्चालन स्थान :- श्री ज्ञानोदय मा.वि.निकेतन नेपालगंज , बाँके।

३) मिति :- २०८३/०३/१९ (शुक्रबार)

४) कार्यक्रमको अवधि :- ३ घण्टा

५) सहभागी संख्या :- ४९ जना (महिला:-२२, पुरुष:-२७)

६) कार्यक्रमको उद्देश्य :-

- समुदायलाई सरकारी वकीलको काम कारवाही बारे जानकारी गराउने,
- सरकारवादी मुद्दाको काम कारवाहीमा समुदायको भूमिकाको बारेमा सचेतना जगाउने,
- अपराध पीडितको बारेमा जानकारी गराउदै निजहरुको अधिकारको बारेमा समुदायलाई जानकारी गराउने,
- अपराध पीडितको अधिकार संरक्षण गर्न र पिडितलाई न्याय दिलाउन सरकारी वकीलको भुमिकाको बारेमा प्रष्ट पार्ने,
- अपराध अनुसन्धान, अभियोजन र न्याय सम्पादनमा समुदायको भुमिका सम्बन्धमा जानकारी गराउने,
- सरकार वादी मुद्दाको अनुसन्धान, अभियोजन र फैसला सम्मको प्रक्रियाको बारेमा समुदायलाई जानकारी गराई सरकारी मुद्दा सम्बन्धी काम कारवाहीमा समुदायको सहयोग प्राप्त गर्ने वातावरण निर्माण गर्ने,
- समुदायसँग प्रत्यक्ष सरोकार राख्ने केही कानूनी व्यवस्थाको बारेमा समुदायलाई जानकारी गराउने ।

७) सहकार्य भएका निकाय वा संस्था :-श्री उच्च सरकारी वकील कार्यालय नेपालगन्ज, जिल्ला सरकारी वकील कार्यालय बाँके, ज्ञानोदय मा.वि. नेपालगंज, बाँके।

८) आसन ग्रहण र उपस्थिति :-

श्री उच्च सरकारी वकील कार्यालय नेपालगन्जका उपन्यायाधिवक्ता श्री कर्ण बहादुर बुढा क्षेत्रीज्यूको अध्यक्षतामा तपसिलमा उल्लिखित मानिसहरुको उपस्थितिमा समुदायमा सरकारी वकील कार्यक्रम सञ्चालन गरिएको थियो।

१. श्री कर्णबहादुर बुढाक्षेत्री – अध्यक्ष (उपन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय नेपालगन्ज)

२. श्री मान बहादुर थापा - विशेष अतिथि (ज्ञानोदय मा.वि.का प्रधान्याध्यापक)

३. श्री खुम बहादुर कुँवर - अतिथी (उपन्यायाधिवक्ता उ.स.व.का. नेपालगंज)

४. श्री शिवराज पौडल- अतिथी (सहायक जिल्ला न्यायाधिवक्ता जि.स.व.का. बाँके)
५. श्री नमुना गिरी- कार्यक्रम संचालक(उपन्यायाधिवक्ता उ.स.व.का. नेपालगंज)

**९) प्रस्तुत भएका विषयहरु र प्रस्तुतकर्ता :-**

क. कार्यक्रममा सहायक जिल्ला न्यायाधिवक्ता शिवराज पौडेलले सरकारी वकीलको सांगठनिक संरचना, सरकारी वकील कार्यालयको कामकारवाही र फौजदारी मुद्दा सम्बन्धमा प्रकाश पार्दै सहभागीहरुलाई स्वागत गर्नुभएको थियो।

ख. कार्यक्रममा उपन्यायाधिवक्ता खुम बहादुर कुँवरले विभिन्न मुद्दाका विषयमा जानकारी दिदै समुदायका व्यक्तिले न्याय सम्पादनमा सहयोग गर्नुपर्ने तथा सरकारी वकीलले प्रदान गर्ने कानूनी राय र पीडित पक्षले कानूनी सेवा लिदा पुरा गर्नुपर्ने प्रक्रियाका बारेमा सामान्य जानकारी गराउँदै आफ्नो भनाई राख्नुभएको थियो।

ग. उपन्यायाधिवक्ता श्री कर्ण बहादुर बुढाक्षेत्रीले कार्यक्रमको उद्देश्य माथि स्पष्ट पार्दै सरकारी वकील कार्यालयको काम कारवाही, अपराध र मुद्दाको कारवाहीका सम्बन्धमा रहेका प्रक्रियाको बारेमा तथा बालविवाह, लागुऔषध, जवरजस्ती करणी यौनजन्य दुर्व्यवहार र साईबर अपराध सम्बन्धमा कानूनमा रहेका व्यवस्था बारे सामान्य जानकारी राख्नुभएको थियो साथै बालअधिकार संरक्षण र कानूनी व्यवस्था बारे आफ्नो प्रस्तुति दिदै सहभागीहरुलाई खुला छलफलका लागि सहजिकरण गर्नुभएको थियो।

**१०) विद्यार्थीहरुबाट छलफलमा उठेका मुख्य मुख्य विषयहरु :-**

पूजा गुसा

- बालविवाहको बारेमा अझ प्रष्ट पारिदिनु हुन।
- जन्मदर्ता नभएर नागरिकता प्रमाण पत्र बनाउन मिल्छ वा मिल्दैन?
- परिवारले छोराछोरीको उमेर बढाएर विवाह गरिदिए भने परिवारलाई सजाय हुन्छ वा हुदैन?
- बालवालिकाले गल्ती गरेर सजाय हुँदा उनीहरुलाई कारागार पठाउँछन कि सुधारगृह?

आकृति रावल

- बैवाहिक बलत्कार भनेको के हो?
- यस सम्बन्धमा के कस्तो कानूनी व्यवस्था रहेको छ?
- कुनै एक वैवाहिक जोडी छ। श्रीमतीले वैवाहिक करणीमा श्रीमानलाई उजुरी दियो त्यो उजुरी प्रमाणित हुन्छ वा हुदैन? झठ्ठा भयो भने के हुन्छ?

सशिल तिमिल्सेना

- दुबै पक्षको मञ्जुरीमा बालविवाह भयो भने त्यस माथि मुद्दा लाग्छ कि लाग्दैन?

रोचक खड्का

- महिलाले पुरुषलाई जवरजस्ती करणी गर्यो भने महिलालाई सजाय हुन्छ हुँदैन ?

सोनिया शाही

- केटाहरुलाई यौन दुर्व्यवहारको कानून छ कि छैन?

- अश्लिल कुराहरु हेर्न मिल्दैन, देखाउन मिल्दैन भन्ने बालबालिकाले आफैले सामाजिक सञ्जालमा अश्लिल कृयाकलाप गर्दा कस्तो सजाय हुन्छ?

**रोशन कुमार भाट**

- लागुऔषध भनेको के हो? यसमा के कति सजाय हुन्छ?

सहभागीहरुबाट छलफलमा उठेका मुख्य विषयको जिज्ञासाहरु उपन्यायाधिवक्ता कर्ण बहादुर बुढा क्षेत्री, खुम बहादुर कुँवर र सहायक जिल्ला न्यायाधिवक्ता शिवराज पौडेलले दिनुभएको थियो।

११) **कार्यक्रममा सहभागी अतिथिहरुको मन्तव्य**

क) विशेष अतिथि ज्ञानोदय मा.वि. निकेतनका प्रधान्याध्यापक श्री मान बहादुर थापाले कार्यक्रममा प्रस्तुत भएका विषयहरुबाट विधार्थीहरुलाई विद्यमान कानून सम्बन्धमा थप ज्ञान एवं जानकारी प्राप्त गर्ने अबसर मिलेको, सरकारी वकील भनेको के हो, सरकारी वकीलका काम कर्तव्य के हो, सरकारवादी मुद्दाहरुको कामकारवाही के कसरी हुन्छ भन्ने सम्बन्धमा जानकारी प्राप्त भएको र यसका लागि सरकारी वकील कार्यालयलाई विशेष धन्यवाद दिदै आगामी दिनहरुमा पनि यस्तै कार्यक्रम अगामी दिनहरुमा संचालन हुनेमा अपेक्षा रहेको भन्ने भनाई राख्नुभएको थियो।

अन्त्यमा कार्यक्रमका अध्यक्ष एवं उच्च सरकारी वकील कार्यालय नेपालगंजका उपन्यायाधिवक्ता कर्ण बहादुर बुढाक्षेत्रीज्यूले कार्यक्रम गर्न सहयोग पुऱ्याउने विद्यालय परिवार तथा कार्यक्रममा सक्रिय सहभागी हुनुभएका सम्पूर्ण विद्यार्थी भाईबहिनीहरुलाई धन्यवाद व्यक्त गर्दै कार्यक्रममा आफुले सिकेका कुराहरु व्यवहारमा लागु गरी शान्तीपूर्ण तथा सभ्य समाज निर्माणमा सहयोग पुग्नेमा आशावादी रहेको भन्दै कार्यक्रमको अन्त्य भएको जानकारी गराउनु भएको थियो।

१२) **मुख्य उपलब्धिहरु :-**

- सरकारी वकील र सरकारी वकील कार्यालयको बारेमा सहभागिहरुलाई जानकारी भएको।
- अपराध अनुसन्धानमा सरकारी वकीलको भुमिकाको बारेमा सहभागिहरुलाई जानकारी भएको ।
- अपराध पीडितको अधिकार संरक्षण गर्न र पिडितलाई न्याय दिलाउन सरकारी वकीलको भुमिकाको बारेमा सहभागीलाई जानकारी भएको ।
- अपराध अनुसन्धान, अभियोजन र न्याय सम्पादनमा समुदायको भुमिकाको बारेमा सहभागीहरुले बोध गरेको ।
- सरकार वादी मुद्दाको अनुसन्धान, अभियोजन र फैसला सम्मको प्रक्रियाको बारेमा सहभागीलाई जानकारी गराईएको र सरकारी मुद्दा सम्बन्धी काम कारवाहीमा समुदायको सहयोग प्राप्त गर्ने वातावरण सृजना भएको ।
- बालबालिकाको अधिकार बारे सामान्य जानकारी भएको।
- समुदायसँग प्रत्यक्ष सरोकार राख्ने कानून व्यवस्थाको बारेमा सहभागीमा सचेतना बृद्दि भएको।

१३) **आयोजकको अनुभव:-**

- कार्यक्रममा सहभागिहरुको उत्साहजनक सहभागिता रहेको ।
- कार्यक्रमको उद्देश्य तथा औचित्य पुरा भएको ।

**१५. आइपरेका समस्याहरु:-**

कार्यक्रम सौहार्दपुर्ण वातावरणमा समपन्न भएको थियो। आयोजकले कार्यक्रम आयोजना र सञ्चालनमा कुनै समस्या र चुनौतीको सामना गर्नु परेन।

**१६) आगामी कार्यक्रमको लागि सुझाव :-**

- समुदायमा सरकारी वकील कार्यक्रमलाई अभियानका रुपमा जिल्लाका हरेक वडा र स्थानमा कार्यक्रम आयोजना गर्दा सरकारी वकीलको पहिचान वृद्दि हुनुका साथै अपराधको रोकथाम र अपराधको अनुसन्धानमा समुदायको सहयोग वृद्दि हुने देखिन्छ।

प्रतिवेदकको :
दस्तखत :-
नाम :रमा अर्याल
पुर्ण बहादुर कटुवाल
पद :- नायव सुब्बा
कार्यालय :- उ.स.व.का.नेपालगंज।
मिति :- २०८३/०३/१९ गते